म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४२ शनिबार २५ भदौ २०७९ ने. सं. ११४२ ञलाथ्व 10 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

*६२ लाख दुरुपयोग प्रकरण:*

# असुलउपर गर्न निर्देशन, वेवास्था गरे भ्रष्टाचारको मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ हेटौंडा औद्योगिक क्षेत्रमा वधशाला खोल्ने नाममा सरकारी अनुदान दुरुपयोग गरेको घटनामा बागमती प्रदेशसभाको सार्वजनिक लेखा समितिले कारबाही गर्नुपर्ने ठहर गरेको छ ।

बफेलो क्वालिटी फुड प्रालिले वधशाला सञ्चालन गर्ने भन्दै प्रदेश सरकारबाट पाएको ६२ लाख रुपैयाँ अनुदान दुरुपयोग भएको सम्बन्धमा समितिले कारबाही गर्नुपर्ने निर्णय गरेको हो ।

अनुदानको दुरुपयोग भएको विषयमा वर्तमान गठबन्धन नेतृत्वको सरकारले गठन गरेको कृषि अनुदान वितरण छानबिन उपसमितिले समितिमा पठाएको अनुसन्धान रिपोर्टका आधारमा समितिले दुरुपयोग भएको अनुदान रकम असुलउपर गर्नुपर्ने निर्णय गरेको समिति सचिव दिपकप्रसाद अधिकारीले जानकारी दिए ।

राजनीतिक पहुँचका आधारमा अनुदान लिएर त्यसको दुरुपयोग हुँदासमेत प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कारबाही गर्न सकेको थिएन ।

बफेलो फुडले २०७६ साउनमा तत्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग हेटौंडा औधोगिक क्षेत्रमा वधशाला सञ्चालन गर्नेभन्दै अनुदान लिन सम्झौता गरेको थियो । तामझामले वधशालाको उद्घाटन गरिए पनि नियमित सञ्चालन नगरी बफेलो फुड केही समय पश्चात औद्योगिक क्षेत्रबाट टाप कसेको थियो ।

हाल न वधशाला सञ्चालनमा छ, न त त्यतिबेला अनुदानबाट खरिद गरिएका मेसिन नै । बफेलो क्वालिटी फुड प्रालि र मन्त्रालयबीच १६ जेठ २०७६ मा अनुदानबाट सञ्चालित वधशालाको सम्झौता भएको थियो । बागमती प्रदेशसभाको सार्वजनिक लेखा समिति सभापति न्हुछेनारायण श्रेष्ठले दुरुपयोग भएको अनुदान रकम असुलउपर गर्नुपर्ने बताए ।



सार्वजनिक लेखा समितिले अनुदान प्राप्त गरेको छोटो समयमा नै उपकरण र संरचनाहरु योजनास्थलमा नहुनुले भ्रष्टाचार भएको ठहर गर्दै अनुदान प्रदान गर्ने निर्णयमा मुख्य भूमिका निर्वाह गर्नेहरुमाथि कारबाही गर्न निर्देशन दिएको हो ।

सभापति श्रेष्ठले अनुदानमा भ्रष्टाचार भएको स्पष्ट देखिएकाले सरकारलाई निर्णयमा संलग्नलाई कारबाहीसहित असुलउपर गर्न निर्देशन दिने निर्णय गरेको जानकारी दिए । असुलउपर नगरे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचारमा मुद्दा चलाउन लेखी पठाउनेसमेत समितिले निर्णय गरेको छ ।

कृषि अनुदान वितरण छानबिन उपसमिति संयोजक मुनु सिग्देल, सदस्यहरु ओमबहादुर ग्लान, प्रदीप खड्का लगायतले घटनाको अनुसन्धान गरेका थिए । पसमितिले अनुदान दुरुपयोग भएको ठहर गर्दै समितिमा प्रतिवेदन बुझाएको थियो । 'मन्त्रालयलाई निर्देशन दिइसकेका छैनौं । प्राविधिक कामहरु बाँकी रहेकाले सम्भवत: आइतबारसम्म निर्देशन पुग्छ ।

तर, समिति बैठकबाट कारबाही गरी असुलउपर गर्ने निर्णय भइसकेको छ,' समिति सभापति श्रेष्ठले भने । समिति सचिव अधिकारीले दुरुपयोग रकम असुलउपर गर्ने विषयमा कडा निर्णय भएको भन्दै मन्त्रालयले तत्काल कारबाही प्रक्रिया अगाडि बढाउनु पर्नेमा जोड दिए ।

सम्झौतामै अनुदान रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकलाई सचेत गराउने र सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भंग गर्ने तथा हिनामिना भए बराबरको रकम दोस्रो पक्ष (बफेलो क्वालिटी फुड)बाट सरकारी बाँकी सरह असुलउपरको प्रक्रिया अगाडि बढाउन सक्ने उल्लेख छ । तर, मन्त्रालयले आफ्नै सम्झौता कार्यान्वयन गर्न नसकिरहेको हो । बफेलो क्वालिटी फुड प्रालिले प्रदश सरकारसँग वधशाला सञ्चालन गर्ने नाममा ६२ लाख २२ हजार ५ सय रुपैयाँअनुदान लिएको थियो । वधशालाको कुल परियोजनालागत १ करोड ४२ लाख ८४ हजार थियो ।

सम्झौताअनुसार वधशाला सञ्चालनको लागत इष्टिमेट अनुसारको रकमको ५० प्रतिशत बढीमा ७१ लख ४२ हजार भुक्तानी हुने भनिएको छ । बफेलो क्वालिटी फुडले १ करोड ३१ लख १९ हजार ५ सय २४ रुपैयाँको सञ्चालन खर्च पेश गरेपछि ६२ लाख २२ हजार ५ सय रुपैयाँ अनुदान पाएको साझाकुरालाई प्राप्त रिपोर्टमा उल्लेख छ ।

सरकारको अनुदानसँगै उद्योगको मेसिनसँगै अस्तित्व नै गायव छ । उक्त जग्गासमेत एसियन पेन्ट्स कम्पनीले भाडामा लिने तयारी गरिरहेको छ । संरचनासहित बफेलो फुडले वधशाला त्रिशक्ति पोलिब्याग इण्डष्ट्रिजलाई १२ करोडमा बिक्री गरेको खुलेको छ । वधशालाको मेसिन कवाडीमा बिक्री गरिएको थियो ।

## विद्यालयको गेटले च्यापिएर विद्यार्थी गम्भीर घाइते



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौं/ मकवानपुरको भीमफेदी गाउँपालिकामा विद्यालयको गेटले च्यापिएर एक विद्यार्थी गम्भीर घाइते भएकी छन् ।

भीमफेदी गाउँपालिका-४ निबुवाटार स्थित बाराही माध्यमिक विद्यालयको फलामको गेट एक्कासी ढलेर च्यापिदा विद्यालयकी छात्रा गम्भीर घाइते भएकी हुन् । घाइते हुनेमा विद्यालयमा कक्षा १ मा अध्ययनरत ५ बर्षीया मालती पाखिन रहेकी छन् ।

पाखिनलाई विद्यालय छुट्टी भएर घर जाने क्रममा गेट ढलेर थिचेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक टेक बहादुर कार्कीले जानकारी दिए । गम्भीर अवस्थामा रहेकी उनको हेटौंडामा उपचार सम्भव नभएपछि थप उपचारको लागी भरतपुर रिफर गरेको जनाइएको छ ।

# टिसिएनको जग्गा लिजमा लिने उपमहानगरको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ हेटौंडा उपमहानगरपालिकाले १० नम्बर वडास्थित नेपाल वन निगमको नाममा रहेको टिसिएनको जग्गा लिजमा लिने निर्णय गरेको छ ।



शुक्रबार बसेको कार्यपालिका बैठकले टिसिएन क्षेत्रको ४ विगाहा १६ कठ्ठा ११ धुर जग्गा लिजमा लिने निर्णय गरेको उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जानकारी दिए । हेटौंडाको मेयरमा निर्वाचित भएपछि नगरबासी समक्ष वाचा गरेका प्रतिबद्धता पूरा गर्न लागिपरेकी मिनाकुमारी लामाले थुप्रै योजनाहरु अगाडि बढाएकी छन् ।

महिलालाई प्राथमिकता दिएर प्रसुति अस्पताल निर्माणको गृहकार्य गरिरहेकी लामाले जग्गा अभाव भइरहेको बताउँदै आएकी थिइन् । टिसिएसनको जग्गामा अस्पताल निर्माण गर्ने गरी निर्णय नभएपनि लामाले उक्त जग्गा लिजमा लिएर दुरगामी प्रभाव पार्ने योजना निर्माणको योजना बनाएकी छन् ।

यसअघि टिसिएसन क्षेत्रमा प्रसुति अस्पताल निर्माण गर्न सकिने सम्भावना बारे छलफलसमेत भएको थियो । तर, अस्पताल भवनबाटै प्रसुति अस्पताल चलाउन सकिने बारेपनि छलफल भएको थियो । यसैगरी, कार्यपालिका बैठकले फोहोर मैला व्यावस्थापन सम्वन्धी कार्यसूची स्वीकृति तथा साझेदार संस्था छनौटका लागि सूचना प्रकासन गर्ने निर्णय गरेको छ । हाल फोहोमैलाको क्षेत्रमा काम गरिरहेको साझेदार संस्थाको म्याद सकिन लागेको र यसका लागि फेरि प्रतिस्पर्धामार्फत छनौट गर्न लागिएको हो । बालमैत्री स्थानीय शासन सम्बन्धि नजितामुखी कार्ययोजना स्वीकृत गर्ने निर्णय गरिएको प्रवक्ता न्यौपानेले बताए ।

बैठकले कर्मचारीहरुको तह वृद्धि गर्ने, सेवा परिवर्तन गरेका कर्मचारीको सेवा परिवर्तन बदर गर्ने, टोल विकास संस्था गठन परिचालन कार्यविधि कानून मस्यौदा समितिमा पठाउने, अतिरिक्त सेवा सुविधा सम्बन्धि कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरिएको छ । हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर-६, ७, ८, १५, १६, १७ र १८ हुँदै बग्ने खहरे खोलाहरुबाट नजिदन्य पदार्थहरु दिगो रुपमा उत्खनन् र संकलनका लागि तयार भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७९ को प्राविधिक प्रतिवेदन जिल्ला समन्वय समितिमा पेस गर्ने निर्णय गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिए । गत आव २०७८-०७९ मा कार्यान्वयन भएका तीन वटा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन जिल्ला समन्वय समितिमा पठाउने निर्णय भएको छ ।

उपमहानगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेको पूर्वाधार सम्पत्ति, वडा कार्यालयहरु, भवन, पार्क, सडकहरुको लेखाजोखा तथा अभिलेखिकरण गर्नका लागि कार्यदल गठन गर्ने निर्णय गरिएको छ । बैठले जिल्ला प्रहरी कार्यालय मकवानपुरका सिनियर प्रहरी अधिकृतको आवास गृह निर्माण गर्नका लागि रकम सहयोग गर्ने निर्णय गरेको छ । सिनियर प्रहरी अधिकृतको आवासगृह जीर्ण भएकाले निर्माण गर्नका लागि सहयोग गर्ने निर्णय गरिएको हो ।

## हटियामा आज नि:शुल्क स्वास्थ्य शिविर हुँदै

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ हेटौंडा उपमहानगरपालिका-१७ हटियामा नि:शुल्क स्वास्थ्य शिविर हुने भएको छ । आज शनिबार राधा माधव समिति नेपाल, जगद्गुरुत्तम मन्दिर अध्यात्म केन्द्र र डिभाईन युथ क्लव नेपालको संयुक्त आयोजनामा हटियामा नि:शुल्क स्वास्थ्य शिविर हुने भएको हो ।

शिविरमा विशेषज्ञ चिकित्सकहरुद्वारा हाडजोर्नी तथा नशा रोग, मिगौंला रोग र सामान्य चिकित्सा सेवाहरु प्रदान गरिने जनाइएको छ । नि:शुल्क जाँच गरिनुका साथै नि:शुल्क औषधि वितरण गरिने क्लवले जनाएको छ ।

शनिवार बिहान १० बजेबाट दिउँसो २ बजेसम्म स्वास्थ्य शिविर संचालन हुने निरोज निरौलाले जानकारी दिए । स्वास्थ्य शिविरमा सहभागी भएर लाभ लिन स्थानीयवासीलाई उनले आग्रह समेत गरेका छन् । प्रत्येक महिनाको अन्तिम शनिवार नि:शुल्क स्वास्थ्य शिविर गरिर्दै आएको छ । प्रस्तावित श्री कृपालु अस्पताल हटिया १७ वडा कार्यालय नजिकै जुरेथुममा नि:शुल्क स्वास्थ्य शिविरको आयोजना गर्न लागिएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

## अब मेसिन जडित साङ्लाले पक्रिनेछ अपराधी !

# वैज्ञानिकले विकास गरे गज्जबको प्रविधि



काठमाडौं/ प्रविधि तीव्र गतिमा अगाडि बढिरहेको छ । सोही कारण आम मानिसहरुको जीवनशैली पनि परिवर्तन भैरहेको छ । मेसिन र जीवहरुको एकीकरणलाई लिएर धेरै लामो समयदेखि बहस भैरहेको छ । कतिपय मानिसले चाहिं प्रविधिको विकाससँगै यो मानिसमाथि हावी हुने चिन्ता पनि व्यक्त गर्ने गरेका छन् ।

यही चिन्ताका बीच वैज्ञानिकहरुले यसको सानो संस्करण तयार गरेका छन् । प्रविधि र जीवबीचको यो अन्तरघुलनबाट वैज्ञानिकहरुले Cyborgs किरा तयार पारेका छन् । जापानको Center for Emergent Matter Science का वैज्ञानिकहरुले यो उपकरण तयार पारेका हुन् । यसलाई विभिन्न ठाउँमा प्रयोग गर्न सकिन्छ । यसलाई सहरी खोज तथा उद्धारमा समेत प्रयोग गर्न सकिन्छ । यद्यपि यसको प्रयोग अहिले निकै सुरुवाती चरणमा छ ।

यो विशेष उपकरणलाई वातावरणीय अनुगमनका लागि पनि प्रयोग गर्न सकिन्छ । यसका अलावा गतिलाई पनि ट्र्याक गर्न सकिन्छ । Cyborgs को सहयोगबाट प्राकृतिक विपत्तीको समयमा संयोजित खोज तथा उद्धार अभियान समेत अगाडि बढाउन सकिन्छ ।


यसका विषयमा npj Flexible Electronics जर्नलमा जानकारी दिइएको छ । उक्त रिपोर्टमा इलेक्ट्रोनिक्समा भएको प्रगतिका कारण जीव तथा मेसिनको एकीकरणमा वृद्धि भैरहेको उल्लेख छ ।

कम उर्जा खपत गर्ने सेमिकन्डक्टर चिपको प्रयोग गरी यो Cyborgs तयार गरिएको छ । यो तयार गर्नका लागि वैज्ञानिकहरुले सुरुमा साङ्लाको ब्याकअप तयार गरे । उपकरणलाई जीवको स्नायु प्रणालीसँग जोडियो । त्यसो गर्दा उपकरणको पावर आउटपुट ५० गुणाले बढ्यो । Cyborg साङ्ला अल्ट्राथिन सोलार ब्याट्रीको माध्यमबाट तयार गरिएको हो । यसले सांग्लाको चाललाई प्रभावित गर्दैन ।

वैज्ञानिकहरुले उक्त मेसिन जडित साङ्लालाई वायरलेस सिग्नलको प्रयोग गरी दायाँ तथा बायाँ दिशामा हिँडाउन सफल भए । उक्त वायरलेस सिस्टम साङ्लाको स्नायु प्रणालीसँग जोडिएको थियो । वैज्ञानिकका अनुसार चार्ज ब्याट्रीबाट सिग्नललाई २.१ मिनेटका लागि ताररहित रुपमा प्रशारण गरिएको छ । -एजेन्सी

**यौन/जीवनशैली**

# डेटिङमा डर: उमेर हद तोक्न कति जरूरी ?



वैंसालु उमेरमा प्रेम सम्बन्ध गाँस्नु आश्चर्यको कुरा भएन । प्रेम सम्बन्धमा रहेको बेला दुनियाँको नजर छल्दै भेटघाट गर्ने, माया-पिरतीका मीठा-मीठा बात गर्ने कुरा पनि दुर्लभ रहेन । किनभने प्रेम एक यस्तो संवेगात्मक मोड हो, जुन चरणबाट हरेकजसो व्यक्ति गुज्रिएका हुन्छन् ।
भन्न त प्रेमको कुनै सीमा हुन्न भनिन्छ ।

यद्यपि डेटिङका सन्दर्भमा भने विश्वका कति मुलुकले निश्चित सीमा र सर्तहरु राखेका छन् । खासगरी डेटिङ बहानामा हुनसक्ने सम्भावित यौन दुर्व्यवहार, बलात्कार वा अपराधहरुबाट जोगिन यसमा उमेरको सीमा तोकिएको पाइन्छ ।

अत: विश्वका अधिकांश मुलुकमा १८ वर्षपछि मात्र डेटिङका लागि अनुमति दिइन्छ भने कुनै मुलुकमा १६ वर्षपछि । अर्थात् तोकिएको उमेरपछि मात्र तिमी आफ्नो जीवनका लागि स्वविवेकले निर्णय लिन सक्छौं भनिएको हुन्छ । तर हाम्रो कानुनमा यस्तो निश्चित प्रावधान छैन ।

जबकि सन् १९८९ मा संयुक्त राष्ट्र संघको बालअधिकार महासन्धि 'सीआरसी'मा नेपाल पनि एउटा पक्ष राष्ट्र भएर हस्ताक्षर गरेको छ । त्यो 'सीआरसी'मा १८ वर्ष भन्दा कम उमेरकालाई 'बालबालिका' भनिएको छ । अत: बालबालिकाहरु शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक रूपमा परिपक्व नभएको हुनाले अभिभावक, समाज र राज्यले पनि उनीहरुको संरक्षण गर्नुपर्छ भनिएको छ ।

उनीहरूमा कुनै पनि किसिमको हिंसा, दुर्व्यवहार र अपराध भयो भने सरकार आफैं बादी बनेर उनीहरूको तर्फबाट मुद्दा लड्छ र न्याय दिलाउँछ । यसको अर्थ सरकारले डेटिङको लागि उमेर हद तोकेको नभए पनि यो उमेर उपयुक्त छैन है भन्ने आशय व्यक्त गरेको छ ।

***डेटिङमा उमेर हद कति जरुरी ?***

अहिले जुन किसिमका घटनाहरु सतहमा देखिन थालेका छन् त्यसले के देखाउँछ भने नाबालिगहरु अरुको प्रभाव वा ललाइफकाइमा परेर आफूलाई दाउमा लगाइरहेका छन् । १६-१७ वर्षका किशोरीमाथि यौनजन्य कृत्य भइरहेका छन् । भावनात्मक खेलबाड भइरहेका छन् । अनिच्छित गर्भधारण, गर्भपतन, जबर जस्ती करणी, हत्या, आत्महत्या यसैका नतिजा हुन् ।

यो बहकिने उमेर हो । अरुले जे भन्छ, त्यही पत्याउने । अरुले जे गर्छ, त्यसैमा विश्वास गर्ने । अरुले जे सिकाउँछ, त्यही मान्ने । त्यसैले उनीहरु यतिबेला चाँडै अरुको प्रभावमा पर्न सक्छन् । अरुको स्वार्थमा जेलिन सक्छन् । यो यति कच्चा उमेर हो, जतिबेला उनीहरुमा आफैंलाई सम्हाल्न सक्ने क्षमता हुँदैन । आफूलाई के गरिरहेका छन् ? आफूमाथि के भइरहेको छ ? यो सही वा गलत ? यसलाई कसरी प्रतिवाद गर्ने ? उनीहरु टुंगो गर्न सकिरहेका हुँदैनन् । अत: प्रेमको चक्कर र डेटिङको फन्दामा परेर उनीहरु दुर्घटनामा पर्ने जोखिम हुन्छ ।

यस्ता सम्भावित जोखिमबाट बच्नका लागि डेटिङमा उमेर हद जरुरी हुन्छ । एउटा निश्चित उमेरपछि मान्छेलाई सामाजिक दायरा, कानुनी प्रावधानसँगै जीवनका मूल्य बोध हुन्छ । त्यसैले डेटिङका लागि उमेर हद तोक्न जरुरी छ । यसले डेटिङ र सम्बन्धका कारणले हुने यौनजन्य अपराधलाई निरुत्साहित गर्न सहयोग गर्छ ।

उमेर हद तोकिएपछि यस किसिमको अपराधजन्य कृत्य पूर्ण रुपमा रोकिन्छ भन्ने होइन । तर यसले एउटा जागरण ल्याउँछ, चेतना जगाउँछ । कानुनी सर्तहरु पालना गराउँछ । अत: क्रमश: सम्भावित विकृति नियन्त्रण हुन थाल्छ ।

***डेटिङको डर***

१८ वर्ष भन्दा कम उमेरका बालबालिका शारीरिक, सामाजिक, मानसिक र संवेगात्मक रूपमा परिपक्व नभएको हुनाले उनीहरूले कुनै पनि कुराको निर्णय गर्न सक्दैनन् । त्यसैले उनीहरू एकअर्काप्रति आकर्षित भएर शारीरिक सम्पर्क समेत हुनसक्छ । १८ वर्षभन्दा कम उमेरमा सहमतिमा नै यौन सम्बन्ध भए पनि त्यसलाई कानुनले बलात्कार मान्छ । साथै कम उमेरमा डेटिङ गरेर कम उमेरमै विवाह भयो भने पछि परिपक्व हुँदै गएपछि सोच नमिल्ने समस्या पनि हुनसक्छ । कम उमेरमा डेटिङ गर्दा गर्भपतनको घटना बढ्ने, हिंसा, दुर्व्यवहार र अपराधको जोखिम पनि हुन्छ ।


***कसले गर्ने निगरानी ?***

विश्वको अभ्यासलाई हेर्ने हो भने यसमा प्रहरी प्रशासनले पनि एउटा संयन्त्र बनाएर निगरानी गर्छन् । तर त्यो भन्दा पनि मूल कुरा कानुनी जागरण जरुरी हुन्छ । किशोर पुस्तालाई ज्ञान हुनुपर्छ कि डेटिङ यो उमेरमा निषेध छ । घरपरिवारबाट, विद्यालयबाट उनीहरुले यस किसिमको कुरा जान्न सक्छन् । डेटिङको बहानामा हुनसक्ने जोखिम, त्यसले निम्त्याउने दुर्घटनाबारे उनीहरुलाई जानकारी दिनुपर्छ । झट्ट सुन्दा धेरैका लागि यो हाँसोको विषय हुनसक्छ, कतिका लागि मामुली पनि । तर डेटिङकै बहानामा भइरहेका कतिपय यौनजन्य कृत्यले समाजलाई अहिले नराम्ररी बिथोल्दैछ । त्यसैले यसमा सर्तकता जरुरी छ । -साभार: अनलाइनखबर

**साहित्य**

# कार्यकर्ताहरु

हास्यव्यंग्य



विश्व विनोद

### साईलेन्सर हटाएका बाईकले भ्वाँ भ्वाँ पारेर सहर नै थर्काएर ढिस्कानो पार्टीको बिज्ञापन बजार बासीलाई गराईयो

ओई यार, मन्त्रीले कार्यक्रममा बोलाएको छ, बाईक लिएर चोकमा आईज... यौटाले भन्यो । अर्कोले पनि यस्तै खबर पायो, फलानो फलानो सबैले मन्त्रीको कार्यक्रममा जम्मा हुने निम्तो पाए पछि सबैजना चोकमा जम्मा भए । अनि त्यही हुलको एक जनाले एक झोला झण्डा लिएर आएर सबैलाई बाँड्यो । त्यो हुलका सबैले आफ्ना बाईकमा दुई तर्फ झण्डा हालेर बाँधे अनि एकै छिनमा मन्त्री आएपछि ती जल्दा बल्दा युवाको हुल मन्त्रीको पछि पछि लाग्यो ।

साईलेन्सर हटाएका बाईकले भ्वाँ भ्वाँ पारेर सहर नै थर्काएर ढिस्कानो पार्टीको बिज्ञापन बजारबासीलाई गराईयो र ढिस्कानो पार्टी पनि यो शहरमा दरिलो उपस्थिती रहेको कुरा हुलको नारा र बाईकको भ्वाँ भ्वाँ आवाजले दिलाई रहेको थियो ।

कार्यक्रममा वाद, सिद्धान्त, आदर्शका कुरा भए, ति बाईकमा सबार युवाहरु हातमा सुर्ती मोलेर बसिरहे । ताली बजाउनु पर्ने ठाउँमा अधिकांश युवा ताली बजाई रहेका थिएनन् बरु फगत सुर्ती मोलीरहेका थिए । नेताले भाषण ओकल्दै गर्दा तिनीहरु पिच्च थुक्दै थिए ।

भाषण सकिए पश्चात युवाहरुको हुल मन्त्रीलाई होटल सम्म पुऱ्याउन पनि पुग्यो । स्वस्थानीको नवराजको राज्यारोहण गरेको झैं नेताज्यूको जयजकारमा ती बाईकबाला युवाले कुनै कमी हुन दिएनन् । बदलामा त्यो रात खानपानको व्यबस्था मन्त्रीको बाहुलीबाट भयो ।

आखिर अधिबेशन चलेको रहेछ पार्टीको । मन्त्री ज्यू नै चुनाव हार्ने भएपछि युवालाई हात लिएका रहेछन् । कसैलाई हप्काउने, फकाउने र सम्झाउने काम पनि त्यही युवा जमातले पायो । उसो त त्यो हुलका केही युवा त जिल्ला अधिबेशनमा भोट हाल्न पाउन योग्य पनि थिए । रात बित्दै गयो, मातको नशा बढ्दै गयो । सबै युवाहरुले होश गुमाएर बेहोस भै सकेका थिए ।

भोली पल्ट चुनावको तालिका थियो । त्यही युवाको टोली मतदान स्थल तर्फ गएर प्रचार प्रसार पनि गऱ्यो । दुई तीन जनालाई अघिल्लो दिनको मातले अझै नछोडेकोले खाटमै पल्टिई रहेका थिए । भोट हाल्ने बेला भए पछि उनीहरुलाई पनि मतदानस्थलमा बोलाईयो । तर ति अबेर सम्म सुत्नेले सोधे- हैन सोल्टी, भोट कस्लाई हाल्ने हो ? मेसो मेलो नै भएन......

अघिल्लो हप्ता ढिस्कानो पार्टीको चुनाव सकिएको थियो पछिल्लो हप्ता फलानो पार्टीको पनि अधिबेशन आईसकेछ । यसै गरि चोकमा केटाहरु जम्मा भए अनि ठूलै नेताको पछि लागे । फरक यत्ति थियो, यहाँ मन्त्री थिएनन् तर तिनै बाईकमा तिनै युवा फरक झण्डा बोकेर बजार घुमिरहेका थिए ।

आहा, दोहोरो फाईदा लिने भनेको यही नै हैन र ? अक्सर आजकाल पार्टीका अधिबेशनको रौनक यस्तै बाईकवाला भाईहरुले बढाईरहेको पाईन्छ । कतै तपाईका कार्यकर्ता यस्ता त परेनन् ? -साभार: समकालिनसाहित्य

# वातावरण



आँचल बानियाँ

सजीव निर्जीव मिली बनेको वातावरण
यही हो पृथ्वीको आवरण


जति वातावरण गर्छौं हामी स्याहार
त्यति पाउँछौं हरियाली उपहार

वातावरण हाम्रो जीवनको अभिन्न अङ्ग
सधैंभरि हामी बस्नु पर्ने वातावरणसँग
रक्षा गऱ्यौं भने हुन्न प्राकृतिक प्रकोपको डर
मानव जीवन सधैंभरि रमाइलो वरपर

वातावरणको र गर्नुपर्ने हामी सबैको कर्तव्य
वातावरण हरियाली बनाउनु जीवन गन्तव्य

*कक्षा ४, नवोदय शिशु सदन*

# बाको मान्यता खोइ ?



विष्णु पादुका

ब्रह्माण्डको यो
मानव शिविर बिरामी छ
विरोधको रोग निको हुनेवाला छैन
बिछोडको रोग निको हुनेवाला छैन

उराठ बगर पोखिएका
ओठहरूमा नखोज भो खुसी

माउ खाने माकुराको
संस्कृतिमाथि फक्रिएका फूलहरूको
मालाले पनि बिझाउँछ

युद्धमा खर्चेको तिम्रो आयुलाई
आज माटोभन्दा बढी मानिँदैन भने
त्यही माटोमा उभिनेहरूको
तिरस्कार स्वीकार गर
किनकि आखिर यी
रबरका फूलहरू तिमिले नै जोडेका हौ

जसले बालाई बा भन्न लजाउने
मलजल पाएका छन्
अंश र वंशको कथामात्रै होइनन्
आकाश छोपेर
धर्ती सिँगार्दै उमारेका फूल
आज बालुवाको बगैँचामा फर्क्यौ
र मनाउँदै छौ
मोबाइलभित्र मात्र बाको दिवस

बा भएर मात्र
बा हुन सकिन्छ
भत्काउनु पर्छ अनेकन
कठिनताका पर्खालहरू

रुबाटोमा आँखा बिछ्याएपछि पो खड्किन्छ
परदेशी नआउनुको पीडा
बाले ओछ्याएका आँखाको महत्त्व
कहिले बुझ्लान्
बुर्कीमाथि टेक्न आउने पाइलाले ?

# झर्ला भनेर



विष्णु तिवारी

छलफल भयो भागमा पर्ला भनेर
खाइ आएको खान्कि सर्ला भनेर ।।

भर पर्न सकस आफ्नोलाइ समेत
मौका पाए अन्तर्घात गर्ला भनेर ।।

दिउँ आफू नाङ्गो बजारमा लाज
दिनै पर्यो खोलापारि तर्ला भनेर ।।

दुख्ला चित्त भनेर बाँडचुँड गरियो
आँखामा लोभी आँसु भर्ला भनेर ।।

साङ्लोले बाँधी राखे बठ्याँइ गरेर
चुँडाली दाम्लो अन्तै चर्ला भनेर ।।

हुन्छ हुन्छ भन्ने दाउ नपरेसम्म
जसो होला पछि आफै टर्ला भनेर ।।

धेरैथरि लाइनमा आलो पालो भनी
भेट्नो गले नजिकतिर झर्ला भनेर ।।

*कविता*

# मेरी प्यारी आमा



प्रदेश पुडासैनी

मेरी प्यारी आमा
मलाई माया गर्ने
मलाई मिठो मिठो खुवाउने
मलाई हिँड्न सिकाउने

मलाई खेलाउने
तिजमा गीत गाउने
मलाई सही र गलत सिकाउने
दया र ममताकी खानी
मेरो लागि मेरी आमा
संसारकी रानी

*कक्षा : ३, नवोदय शिशु सदन*

*कविता*

# हाम्रो पुर्खा



दिपर्जन खड्का

गुमाए ज्यान पुर्खाले हाम्रो देशको नाममा
युद्ध है लड्न गएका पुर्खा विभिन्न ठाउँमा
पुर्खाको तातो रगत बग्छ हाम्रो यो नसामा
पुर्खाले लगे नेपाललाई राम्रो है दिसामा

गए है पुर्खा युद्धमा लड्न लिएर खुकुरी
बचाए हाम्रो देशको सान, सम्पत्ति भृकुटी
सिकौं है हामी गर्न है हाम्रो पुर्खाको इज्जत
बचाए सान देशको हाम्रो बगाइ रगत

देशको सिमा बचाए हेर मेची महाकाली
सानले शिर उचाल्छौं हामी भन्दछौं गोर्खाली
चडे आफ्नो देशको नाम लिएर फासी है
समय, गाह्रो भएको बेला बिताए हासी है

भागे है हाम्रा देशका जन पुर्खाको डरले
गएनि मारी पुर्खा है हाम्रा माया छ मनले
हामी हौं सबै पुर्खाको हेर बलिया सन्तान
मुटुमा हाम्रो पुर्खाको नाम भएनि देहान्त ।

*कक्षा : ९, नवोदय शिशु सदन*

# गीत

माधव प्रसाद घिमिरे

जसरी सुत्छन् तारमा, गीतका चारु चरण
हिमालचुली देशमा, दिनको शान्त भेषमा
जसरी गर्छन् विश्राम, सूर्यका स्वर्ण किरण
त्यसरी होस् मरण

सुन्दर सृष्टि निहारी, सुखैले चिम्लूँ नयन
विहानीपख रातको, कुसुम पारिजातको
जसरी जान्छ झरेर, भुइँमा विनापवन
त्यसरी होस् मरण

मुटुमा चोट नपरी, टुटेर जाओस् बन्धन
बादलको सेतो ह्रासमा, दुइटा मूर्ति पासमा
जसरी शिर नुहाई, आफैंमा हुन्छन् अर्पण
त्यसरी होस् मरण

अमरापुरी सभामा आफैंलाई गरूँ वरण
त्यसरी होस् मरण

# भारतलाई ३-१ ले हराउँदै नेपाल साफ यू-१७ फुटबलको सेमिफाइनलमा




काठमाडौं/ भारतलाई ३-१ ले हराउँदै नेपाल साफ यू-१७ च्याम्पियनसिप फुटबलको सेमिफाइनलमा पुगेको छ । श्रीलंकाको कोलम्बो स्थित रेस कोर्स ग्राउण्डमा शुक्रबार भएको खेलमा नेपाललाई जिताउन सरोज दर्लामी, उनेश बुढाथोकी र सुवास बमले गोल गरे ।

खेलमा पहिलो गोल भने भारतले गरेको थियो । २५ औं मिनेटमा ड्यानी मेइटीले गोल गर्दै नेपाललाई पछि पारेका थिए ।

खेलको ४५ औं मिनेटमा सरोजले तथा ४९ औं मिनेटमा उनेशले र ६८ औं मिनेटमा सुवासले गोल गर्दै नेपाललाई ३-१ को जित दिलाए ।

समूह बीमा खेलेका दुवै खेल जितेको नेपाल ६ अंकसहित समूह विजेता बनेर सेमिफाइनलम पुगेको छ ।

भारत भने ३ अंक जोडेर उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको छ । यो समूहमा रहेको भूटान नेपाल र भारत दुवैसँग पराजित भएर बाहिरिएको छ । -अनलाइनखबर

# पर्यटनस्थल बन्यो मसानघाट



इटहरी, २४ भदौ (रासस)/ सुनसरी जिल्लाको पूर्वी सीमा बूढीखोला नदी डेढ दशक अघिसम्म इटहरीको मसानघाटले परिचित थियो । खोलाको किनारामा दैनिकजसो मानिस डठाइन्थो । मसानघाटमा जान पनि सबै डराउँथे ।

मसानघाट पश्चिम नजिकै वडा नं ४ मा धार्मिक कार्य गर्नका निम्ति श्रीकृष्ण प्रणामी मन्दिर थियो । बुढी खोला नदी छेउमा जताततै फोहोर थियो ।

खोलामा अनाधिकृत रूपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन गरेर वस्ती कटानको उच्च खतरा थियो । त्यही मसानघाट र मन्दिर दुवैको रुप यतिवेला फेरिएको छ । अनि त्यही बुढी खोला किनार अहिले भने जमुना मुक्ति घाटको नामले चिनिएको छ ।

बुढी खोलामा १० करोड बढी खर्चेर दाहसंस्कार गर्ने व्यवस्थित घाट र मन्दिर पुन:निर्माणको काम गरिएको छ । यसको निमार्णसँगै धार्मिक पर्यटकीयस्थलको रूपमा परिचित भएको हो । जसले गर्दा सबै उमेर समूहका व्यक्तिहरू बुढीगङ्गा जमुना मुक्ति घाटमा आउने गरेको स्थानीयले बताएका छन् । उनीहरू भन्छन् "पहिला खोलाको छेउमा मनिसहरूलाई जलाउने गरिन्थियो, खेलाको किनारमा जलाउँदा बर्खाको समयमा कहिले बाढीले लास बगाउँथ्यो । तर अहिले यो स्थान पार्कजस्तै भएको छ । यहाँ विभिन्न स्थानबाट घुम्न आउने मानिसको भिड लाग्ने गरेको छ ।"

व्यवस्थित आर्यघाट भएकैले गर्दा प्रदेश १ का अन्य स्थानभन्दा बुढी गङ्गाजमुना मुक्तिघाटमै दाहसंस्कारका लागि ल्याउने क्रम बढ्दो छ । विशेषगरी, सुनसरी र मोरङका थुप्रै स्थानका मानिसको मृत्युपछि दाहसंस्कार गर्न बुढी गङ्गाजमुना मुक्ति घाटमा ल्याउने गरेको मुक्ति धाम विकास समितिले जनाएको छ ।

बुढीगङ्गा जमुना मुक्तिघाटमा किरियापुत्री भवनको पनि व्यवस्था गरिएको छ भने यहाँ गरिब तथा विपन्न परिवारलाई किरियापुत्री भवनमा बस्ने व्यवस्था मिलाउने गरिएको छ ।

# 'झिंगेदाउ' बन्यो यस वर्ष 'कबड्डी ४' पछि धेरै कमाउने नेपाली फिल्म



काठमाडौं/ ज्ञानेन्द्र देउजा निर्देशित फिल्म 'झिंगेदाउ'ले एक सातामै नेपाली बक्स अफिसमा उत्साहजनक कमाइ गरेको छ । चलचित्र विकास बोर्डको बक्स अफिसमा बिहीबार बेलुकासम्म 'झिंगेदाउ'को कमाइ १ करोड ३० लाख रुपैयाँ ग्रस उल्लेख छ । बक्स अफिस सर्भर जडान नभएका केही हलको कमाइलाई समेत जोड्दा केकी अधिकारी र आँचल शर्मा स्टारर फिल्मको पहिलो साताको कमाइ झण्डै १ करोड ४० लाख रुपैयाँ ग्रस हुन आउँछ ।

'झिंगेदाउ'को यो कमाइ यस वर्ष 'कबड्डी ४' पछिकै उच्च हो । बलियो वर्ड अफ माउथको कारण यो फिल्मले दोस्रो साता पनि राम्रै कमाइ गर्ने अपेक्षा छ । सिंगल र मल्टिप्लेक्स हलका दुवैथरी दर्शकलाई 'झिंगेदाउ'ले आकर्षित गरिरहेको छ ।

यसैबीच, तेस्रो सातामा प्रदर्शन भइरहेको दिनेश राउत निर्देशित फिल्म 'प्रकाश'को बिहीबार सम्मको कमाइ १ करोड १८ लाख रुपैयाँ ग्रस उल्लेख छ । 'सम्हालिन्छ कहिले मन'ले भने आफूलाई बक्स अफिस दौडमा अपेक्षित रुपमा अघि बढाउन सकेन । -साभार अनलाइनखबर

# आत्मनिर्भरको आधार बने कृतिम हातखुट्टा

मध्यबिन्दु (नवलपरासीपूर्व), २४ भदौ (रासस)/ नवलपरासीपूर्वमा सबल केन्द्र स्थापना भएपछि हात-खुट्टा गुमाएकाले नयाँ जीवन पाएका छन् ।

मध्यबिन्दु जिल्ला अस्पताल डण्डा र चौधरी फाउण्डेसले संयुक्तरूपमा सवल केन्द्र स्थापना गरेपछि हात तथा खुट्टा नहुनेहरू खुसी भएका हुन् । अरुको सहाराबिना हिँडडुल गर्न समस्या भएका व्यक्ति कृतिम हात खुट्टा पाएपछि अहिले आत्मनिर्भर हुन थालेका छन् ।

लमजुङका २७ वर्षीय विकास तामाङको जन्मदा नै बायाँ खुट्टा थिएन । हिँडडुल गर्न समस्या हुँदा जीवनदेखि नै निरास लागेको उनी बताउछन् । विसं २०७५ माघ ३ मा सहज अस्पताल गैंडाकोट र चौधरी फाउण्डेसनले आयोजना गरेको कृतिम हातखुट्टा जडान शिविरमा उनले खुट्टा राखे । खुट्टा नभएर केही गर्न सकिन्न की भनेर निरास भएका उनले अहिले कृतिम खुट्टा पाएपछि आफू र आफ्नो परिवारको दैनिक गुजारा चलाउँदै आएको छ । अरुको सहारामा हिँड्नुपर्ने विकास अहिले सवल केन्द्रमा कृतिम हातखुट्टा बनाउने र जडान गर्ने कार्यमा व्यस्त छन् ।

आर्थिक अभावका कारण सञ्चालनमा आउन नसकेको सवल केन्द्रलाई मध्यबिन्दु जिल्ला अस्पताल र चौधरी फाउण्डेसनको सहकार्यमा २०७८ फागुन १८ गतेदेखि सञ्चालनमा ल्याइएको हो ।

दुर्घटना भएर वा अन्य कुनै समस्याका कारण हातखुट्टा गुमाएका ८४ जनाले अहिलेसम्म त्यहाँबाट कृतिम हात तथा खुट्टा जडान गरेको केन्द्रका स्रोत व्यक्ति दीपकसिं केसीले बताउछन् । यहाँ विभिन्न जिल्लाबाट कृतिम हात तथा खुट्टा लगाउन आउने गर्दछन् ।

चौधरी फाउण्डेसनले भगवान् महावीर विकलाङ्ग सहायता समिति र भारतीय दूतावाससँगको सहकार्यमा नेपालमा कृतिम हातखुट्टा वितरण गर्ने कार्यक्रम सञ्चालनमा ल्याएको हो । कृतिमरूपमा जडान गरिएको अङ्गले आत्मविश्वाससँगै स्वरोजगार बन्न सहयोग पुगेकोसवल केन्द्रमा सेवा लिनेको भनाइ छ ।

# गठबन्धन टुट्दैन र तोड्नु हुँदैन: प्रधानमन्त्री देउवा



चितवन, २४ भदौ (रासस)/ प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्तारुढ गठबन्धनलाई टुटाउन षड्यन्त्र भइरहेको बताएको छ । उनले भने, "गठबन्धन कुनै हालतमा टुट्दैन र तोड्नु हुँदैन पनि ।"

नेपाली कांग्रेस चितवनद्वारा शुक्रबार आयोजित 'जनताको साथमा कांग्रेस अभियान'को समापन एवं विशेष सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले गठबन्धनको विरोधमा नबोल्न कांग्रेसका नेता तथा कार्यकर्तालाई आग्रह गरे ।

गठबन्धन तोड्नु भनेको कांग्रेस पार्टीलाई सिध्याउने षड्यन्त्र भएको जनाउँदै प्रधानमन्त्री देउवाले भने, "बल्ल-बल्ल पार्टी बलियो हुँदै छ, यसलाई सिध्याएर के हुन्छ । यसैले गठबन्धनको विरुद्धमा बोल्ने कुरा छैन ।"

उनले गठबन्धन गर्दा पार्टीलाई बढीभन्दा बढी फाइदा हुने गरी लाग्नुपर्नेमा जोड दिए । उनले भने, "गठबन्धनमा बढीभन्दा बढी फाइदा लिन हामी प्रयास गर्छौं, तर गठबन्धन कुनै हालतमा टुट्दैन, तोड्नुहुँदैन । यसमा ठूलो सहयोग भएको छ । गठबन्धन तोड्ने कुरा गर्नुहुँदैन ।"

गठबन्धनका कारण कांग्रेसले प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्री प्राप्त गर्ने अवसर प्राप्त गरेको जनाउँदै प्रधानमन्त्री देउवाले गठबन्धन भएर धेरै निर्वाचित हुँदै गर्दा त्यो अवसर फेरि पनि प्राप्त हुने बताए । उनले पार्टीका नेता तथा कार्यकर्तालाई एकढिक्का भएर निर्वाचनमा होमिन आग्रह गरे ।

गठबन्धन भएर सरकार बनेकै कारण नेकपा (एमाले)को एकलौटी अन्त्य भएको उनले बताए । उनले भने, "उनीहरूको एकलौटी चलेको छैन, मनोपोली चलेको छैन ।" हिजो बाहिर हुँदा तत्कालीन एमालेको सरकारले गरेको क्रियाकलापको स्मरण गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्दै उनले गठबन्धन अघि बढ्दै गर्दा सबै ठाउँमा कांग्रेसको सरकार बन्ने सम्भावना रहेको बताए । प्रम देउवाले भने, "हिजोको अवस्था कस्तो थियो । ओली सरकारलाई हटाउनुपर्‍यो, हटाउनुपर्‍यो भनेको होइन सबैले ।" प्रधानमन्त्री देउवाले भने, "अहिले यो हुँदैन, त्यो हुँदैन भन्नु हुँदैन । कांग्रेसलाई बलियो र ठूलो पार्टी बनाउन गठबन्धन आवश्यक छ, भ्रमको पछाडि नलाग्न पनि आग्रह गर्दछु ।"

कतिपयले एमसिसीसँगै अमेरिकी सेना बस्छ भनेर भ्रम फैलाएकामा आपत्ति जनाउँदै उनले भने, "खै विदेशी सेना आयो त ? अहिले विदेशी सेना आएको छ त ? यस्तो पनि कुरा पत्याएर हिँड्ने हो ? झुटा आक्षेप लगाउने र प्रचार गरेर पार्टीलाई सिध्याउन खोजेका हुन् । झुटा प्रचार गरेर हाम्रो पार्टीलाई कमजोर बनाउने काम भइरहेको छ, षड्यन्त्र भइरहेको छ ।"

उनले वर्तमान सरकारले स्थानीय तहको निर्वाचन निष्पक्ष, स्वतन्त्र र भएरहित वातावरणमा सम्पन्न गरेको र अगामी मंसिरमा हुने प्रदेश र संघको चुनाव पनि शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्षरूपमा सम्पन्न हुने बताए । उनले सरकारले नेपालको संविधान कार्यान्वयनलाई उच्च प्राथमिकता दिएको जानकारी दिए ।

***लोकतन्त्रको हितका लागि गठबन्धन: गृहमन्त्री खाण***

कार्यक्रममा गृहमन्त्री बालकृष्ण खाणले पार्टी र लोकतन्त्रको हितका लागि गठबन्धन आवश्यक रहेकामा जोड दिए । उनले भने, "कतिपयलाई रुचिकर नहुन सक्छ । पार्टी र लोकतन्त्रको हितका लागि गठबन्धन जरुरी छ ।" उनले विधिको शासन र संविधानको रक्षाका लागि गठबन्धन अघि बढेको छ भने ।

वीपीको प्रजातान्त्रिक समाजवादको सान्दर्भिकता अझै बढेर गएको उनको भनाइ थियो । विश्वमा नेपाललाई चिन्दै गर्दा सगर माथाको देश, गौतमबुद्ध जन्मिएको देश र वीपीको जन्मभूमि भनेर चिन्ने गरेको उनको भनाइ छ ।

कांग्रेसका केन्द्रीय सदस्य श्यामकुमार घिमिरेले निर्वाचनमा गठबन्धनको उम्मेदवारले हार्नुपर्दा गठबन्धनले हार्ने भएकाले सोहीअनुरुप परिचालन हुन अनुरोध गरे ।

कार्यक्रममा अर्का कांग्रेस केन्द्रीय सदस्य अञ्जनी श्रेष्ठ, बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, पूर्वजिल्ला सभापति रामकृष्ण घिमिरे र क्षेत्रीय सभापति राजु सिलवालले आउँदो निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी हुने गरी एकजुट बनाएर अघि बढाउनुपर्नेमा जोड दिए । सो अवसरमा जिल्लाका विभिन्न तह र तप्कामा रहेर पार्टीलाई योगदान पुर्‍याउने जीवित र मरणोपरान्त गरी एक सय ५० लाई सम्मान गरिएको थियो ।

# इन्द्रजात्रामा कुमारी मन्दिरमा पूजा



काठमाडौँ, २४ भदौ (रासस)/ कुमारी क्लबले इन्द्रजात्राका अवसरमा शुक्रबार कुमारी मन्दिरमा पूजा गरेको छ ।

काठमाडौंमहानगरपालिका-१४ स्थित मगरगाउँमा रहेको मन्दिरमा विधिपूर्वक पूजा भएको हो । परापूर्वकालदेखि कुमारीको मूर्ति रहेको विश्वास गरिएको उक्त स्थानमा केही वर्ष अगाडिदेखि मन्दिर निर्माण गरी नित्य तथा विशेष पूजा सञ्चालन गरिएको छ ।

नेकपा (एमाले)का नेता एवं पूर्वमन्त्री कृष्णगोपाल श्रेष्ठले धार्मिक महत्वका प्राचीन विषयवस्तुको इतिहास तथा महत्वबारे थप अनुसन्धान गर्नुपर्ने बताए । प्रतिनिधिसभा सदस्य बिना श्रेष्ठ सहभागी भएको समारोहमा कामपा-१४ का वडाध्यक्ष सुमन श्रेष्ठले मन्दिरको संरक्षणका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाली कांग्रेस निर्वाचन क्षेत्र नं ९ (क) का सभापति मोहन बस्नेतले विविध जाति, धर्म, संस्कृतिले भरिएको नेपाली समाजमा विद्यमान सबै पर्व तथा संस्कृतिले सम्पूर्ण नेपालीलाई एकताबद्ध गर्ने विश्वास व्यक्त गरे ।

कुमारी क्लबका अध्यक्ष रामकुमार बस्नेतको सभापतित्वमा भएको कार्यक्रममा सचिव मनोज राजभण्डारी र स्थानीय समाजसेवी दिवाकर थापाले त्यस क्षेत्रको बस्ती विकासका क्रममा खराब शक्तिले स्थानीयवासीलाई दु:ख दिन थालेपछि कुमारीको स्थापना गरिएको जनविश्वासबारे जानकारी गराए । सो अवसरमा स्थानीयलाई प्रसाद वितरणसमेत गरिएको थियो ।

# 'समृद्धिको अर्थ आर्थिक विकास मात्र होइन'

काठमाडौँ, २४ भदौ (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले आम नागरिकसम्म अध्ययनको पहुँच पुर्‍याउनुपर्नेमा जोड दिएका छन् । उनले भने, "यसका लागि कारागार र सार्वजनिकस्थललगायत ठाउँमा प्रविधिमैत्री पुस्तकालय बनाइनुपर्छ ।"

किताब यात्रा फाउण्डेशन र किताब यात्रा प्रालिद्वारा संयुक्त रूपमा शुक्रबार आयोजित दुईदिने किताब जात्रा शुभारम्भ गर्दै उनले अध्ययन कागजमा छापिएका अक्षरबाट मात्र नहुने बताए । जीवनका विभिन्न आयामबाट पनि अध्ययन हुने राष्ट्रपति भण्डारीको भनाइ थियो ।

"समाज परिवर्तन, राष्ट्रको उत्थानका लागि नागरिक अनुशासित, मर्यादित, मुलुकप्रति हुनुपर्छ, त्यसका लागि सुपठित हुनु पहिलो शर्त हो, समृद्धिको अर्थ केवल आर्थिक विकास मात्र होइन, ज्ञान र सभ्यताको समृद्धि पनि हो", उनले भने ।

अनेक भाषा वा भएको देशमा अन्य देशमा लगेर साहित्यलाई समृद्ध बनाउने फाउण्डेशनका प्रयत्न स्वागतयोग्य रहेको उनले बताए ।

कार्यक्रममा राष्ट्रपति भण्डारीले साहित्यकार ध्रुवचन्द्र गौतमको अथक साधना र संस्कृतिविद् सत्यमोहन जोशीको बहुआयामिकताको पनि प्रशंसा गरे ।

कार्यक्रममा यस वर्षको प्रेम साहित्य सम्मान आख्यानकार गौतमलाई प्रदान गरिएको थियो । यसैगरी किताब जात्रा उत्कृष्ट बिक्री पदक संस्कृतिविद् जोशीका बारेमा लेखिएको पुस्तक 'सत्यमोहन'का लेखक गिरिश गिरीलाई प्रदान गरिएको थियो ।

शनिबारसम्म चल्ने जात्रामा करिब ६० प्रकाशनगृहका पुस्तक प्रदर्शनीमा राखिएको छ । फाउण्डेशनका अध्यक्ष ऋषिराम अधिकारीले विगत पाँच वर्षअघिदेखि किताब जात्राको आयोजना गर्दै आएको जानकारी दिए । जात्राका अवसरमा पठन संस्कृति, नेपाली साहित्यलगायत विषयमा बहस पनि आयोजना गरिने जनाइएको छ ।

# गुनासो राख्न विद्युतीय मतपेटिका




नुवाकोट, २४ भदौ (रासस)/ सेवा प्रदायक संस्थामा गुनासो/सुझाव पेटिका राख्नैपर्ने व्यवस्था छ तर पछिल्लो समय सेवा प्रदायक संस्थाको भित्तामा राखिने काठ वा टिनबाट बनेका पेटिकाको प्रयोग न्यून मात्रामा भएको पाइन्छ ।

कुनै कार्यालयको पेटिका त वर्षौँपछि खोल्दा पनि खाली देखिन्छ । त्यस्ता परम्परागत गुनासो/सुझाव पेटिका प्रयोगविहीन अवस्थामा पुगेपछि जिल्ला प्रशासन कार्यलयले सञ्चालनमा ल्याएको छ-विद्युतीय गुनासो पेटिका ।

सूचना प्रविधिको विकाससँगै सेवाग्राही तथा सरोकारवाला निकायलाई आफ्ना सुझाव तथा गुनासो राख्न सहज होस् भन्ने उद्देश्यले विद्युतीय गुनासो पेटिकाको व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले बताए । "प्रशासन कार्यालयबाट मात्र नभई जिल्लामा रहेका सेवा प्रदायक सबै संस्थाहरूबाट प्रवाह हुने सेवाका बारेमा विद्युतीय गुनासो पेटिकामार्फत आफ्ना गुनासा राख्न सक्नुहुनेछ", रिसालले भने, "गुनासो पेटिकामा आउने गुनासो तथा सुझाव सिधै प्रमुख जिल्ला अधिकारीकोमा आउनेछन् ।

गुनासो तथा सुझावको प्रकृति हेरेर हामी सम्बोधन गर्ने प्रयास गर्नेछौँ । जिल्ला प्रशासनबाहेक अन्य कार्यलयमा आएको गुनासो सम्बन्धित कार्यालयमा जानकारी गराउनेछौँ ।" जिल्ला प्रशासन कार्यलय नुवाकोटले गएको हप्तादेखि विद्युतीय गुनासो पेटिका सञ्चालनमा ल्याएको हो । प्रयोगकर्ताले गुगल फारममार्फत प्रयोग गर्नुपर्ने पेटिकामा गुनासो वा उजुरीकर्ताको नाम र फोन नम्बरसहित गुनासो गर्न चाहेको निकाय उल्लेख गरी गुनासोसहित आफ्ना सुझाव राख्न सक्ने छन् ।

उजुरीकर्ताको नाम गोप्य रहने प्रमुख जिल्ला अधिकारी रिसालको भनाइ छ । "गुनासो व्यवस्थापनका लागि जिल्लास्तरीय संयन्त्र निर्माण गर्न लागेका हौँ । सेवाग्राही सेवा लिन आउँदा सहज-असहज परिस्थिति सिर्जना भएको हुनसक्छ । तत्काल त्यस्ता कुरा सम्बन्धित निकायलाई जानकारी गराउन सक्ने अवस्था नहुन सक्छ । परम्परागत सुझाव पेटिकामा आफ्ना भनाइ राख्न इच्छा नगर्नेहरू पनि हुन्छन् । भौतिक उपस्थिति नभई मोबाइलबाटै सहजरूपले आफ्ना कुरा राख्न सक्ने माध्यमको खोजी गरेका हौँ", उनले भने ।

एक हप्ताको बीचमा पाँचवटा गुनासो प्राप्त भइसकेको उनले बताए । राहदानी र राष्ट्रिय परिचयपत्रसहित स्वास्थ्यको क्षेत्रमा चासो राखिएका गुनासा प्राप्त भएको उनको भनाइ छ । राम्रो कामको सुरुआत भन्दै प्रतिक्रिया दिनेहरू पनि रहेकाले क्रमश: विद्युतीय गुनासो पेटिकाको प्रयोगकर्ता बढ्दै जाने प्रमुख जिल्ला अधिकारी रिसालको अपेक्षा छ ।

# विभिन्न मालवस्तुको आयातमा लाग्दै आएको करको दरमा हेरफेर

काठमाडौँ, २४ भदौ (रासस)/ सरकारले विभिन्न मालवस्तुको आयातमा भन्सार महसुलमा छुट दिएको छ । अर्थ मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न मालवस्तुको आयातमा लाग्ने करको दरमा हेरफेर गरिएको जानकारी दिएको छ ।

नयाँ व्यवस्थाअनुसार कच्चा भटमासको तेल, पाम तेल, सूर्यमुखी तेल आयात गर्दा भन्सार महसुलमा ९० प्रतिशत छुट दिएको हो । राजस्व सचिव रामेश्वर दंगालका अनुसार उद्योगले सूर्यमुखीको तेल उत्पादन गर्न आयात गर्ने सूर्यमुखीको गेडा आयात गर्दा महसुलमा यसअघि दिइएको ५० प्रतिशत छुटको सट्टा अब ९० प्रतिशत बराबरको छुट पाउने भएका छन् ।

यस्तै भटमासको गैँडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले त्यस्ता सामग्री आयात गर्दा भन्सार महसुलको ५० प्रतिशत छुटको सट्टा ९० प्रतिशत छुट पाउने नयाँ व्यवस्था गरिएको छ । मन्त्रालयका अनुसार तोरी, रायो, क्यानोलाको गेडा, सर्स्यूको गेडा आयात गर्दा लाग्ने भन्सार महसुलमा ९० प्रतिशत बराबरको छुट पाउने प्रबन्ध गरिएको छ । अप्टिकल फाइबर केवल उत्पादन गर्ने उद्योगले कच्चा पदार्थको रूपमा पैठारी गर्ने स्प्रिङ स्टिल वायरमा भन्सार महसुल १५ प्रतिशत लाग्नेछ । सो खण्डबमोजिम सिफारिस गर्दा उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिणामका आधारमा गर्नुपर्ने व्यवस्था गरिएको छ । सहकारी संस्थाले करछुट हुने कारोबारबाहेकका कारोबार गरेमा साविकको नगरपालिका क्षेत्रभित्र सात प्रतिशत र महानगरपालिका क्षेत्रभित्र १५ प्रतिशत आयकर लाग्ने व्यवस्था हटाइएको छ । नयाँ व्यवस्थाभित्र नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका सहकारीले पाँच प्रतिशत, उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकामा सात प्रतिशत र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकामा १० प्रतिशत बराबरको छुट दिइनेछ ।

यस्तै सांख्यिकरुपले नियन्त्रित बङ्ग्याउने, मोड्ने, सोझो पार्ने वा च्याप्टो पार्ने अन्य यन्त्रको पैठारी महसुल दर महलमा पाँच उल्लेख गर्नुपर्नेछ ।

# दाना उद्योगमा आगलागी

भरतपुर, २४ भदौ (रासस)/ पूर्वी चितवनको एक दाना उद्योगमा आगलागी भएको छ ।

राप्ती नगरपालिका-३ झुरझुरेस्थित मञ्जुश्री दाना उद्योगमा गए राति आगलागी भएको हो ।

कुखुराको दाना राखिएको गोदाममा विद्युत् सर्ट भएर आगलागी भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

आगलागीबाट दाना बनाउने मेसिनमा क्षति पुगेको छ । तयारी दाना, दाना उत्पादनका लागि राखिएको मकै, पिना र ढुटो जलेर नष्ट भएको उद्योगका सञ्चालक किरणभूषण ओलीले जानकारी दिए ।

आगलागीबाट करिब एक करोड ५० लाख बराबरको क्षति भएको उनले बताए । विद्युत् सर्ट भएर राति करिब पौने २ बजेबाट लागेको आगो दमकल, इलाका प्रहरी कार्यालय भण्डारको टोली र स्थानीयवासीको सहयोगमा डेढ घण्टापछि निभाइएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



**३६ वर्षदेखी रोकिएको रोप-वे:** हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैंसेखानीसम्म तारमा बेवारिसे अवस्थामा झुण्डिएका रोप-वेका डिब्बाहरू देख्न सकिन्छ । पूर्वपश्चिम राजमार्ग हुँदै हेटौंडा आउनेले पनि हेटौंडा-१० राप्ती किनारनजिकै तारमा झुण्डिरहेका डिब्बाहरू देख्न सक्छन् । ती डिब्बा त्यसरी झुण्डिएको ३६ वर्ष भयो । करिब २० वर्ष ती डिब्बा हेटौंडा सिमेन्ट उद्योगको लागि चुनढुंगा ओसार्न प्रयोग भए पनि ६२ सालदेखि भने पूर्णरुपमा बन्द छ । झुण्डिएका कतिपय डिब्बामा अझै पनि ढुंगाहरू भरिएको देख्न सकिन्छ । ४ वर्षदेखि घाटामा रहेको सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगले उक्त रोप-वे बिक्री नयाँ प्रविधि भित्र्याउने तयारी गरेको छ । *-तस्बिर: साझाकुरा*

## चेपाङ संघको अध्यक्षमा गोविन्दराम



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ नेपाल चेपाङ संघको अध्यक्षमा मकवानपुरका गोविन्दराम चेपाङ निर्वाचित भएका छन् ।

बिहिबार चितवको भरतपुरमा सम्पन्न निर्वाचनबाट मकवानपुरका चेपाङ संघको अध्यक्षमा निर्वाचित भएका हुन् । उनले १२६ मत ल्याउँदा उनका प्रतिस्पर्धी चितवनकी सुनिमाया चेपाङले ९२ मत प्राप्त गरिन् ।

गत चैत ३ गते भरतपुरमा संघको पाँचौँ महाधिवेशनको उद्घाटन भएपनि निर्वाचन भने अहिले भएको हो । संघको वरिष्ठ वरिष्ट उपाध्यक्षमा गोर्खाका बिलबहादुर चेपाङ, उपाध्यक्षमा धादिङकी सुमित्रा चेपाङ र महासचिवमा चितवनका सन्तबहादुर चेपाङ चयन भएका छन् ।

त्यसैगरी दुई जना सचिवमा धादिङका सुरेन्द्र चेपाङ र चितवनका भरतलाल चेपाङ तथा कोषाध्यक्षमा गोरखाका आइतसिंह चेपाङ चयन भएका छन् ।

महाधिवेशनले ३० सदस्यीय कार्यसमिति चयन गरेको हो । पाँचजना सदस्य मनोनीत गर्ने नवनिर्वाचित अध्यक्ष चेपाङले बताए । संविधानसभाका सदस्यसमेत भइसकेका उनी ६३ सालमा सम्पन्न तेस्रो अधिवेशनबाट पनि केन्द्रीय अध्यक्षमा चयन भएका थिए ।

चितवन, मकवानपुर, धादिङ र गोरखा जिल्लामा चेपाङहरूको मुख्य बसोबास छ । ६८ सालको जनगणनाले चेपाङको जनसंख्या देशभर ६८ हजार रहेको देखाए पनि खासमा देशभर एक लाखको हाराहारीमा चेपाङहरू रहेको उनको भनाइ छ ।

# कैलाश गाउँपालिकाको सय दिन: स्वास्थ्य र कृषि प्राथमिकतामा

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ मकवानपुरको विकट कैलाश गाउँपालिकाले पनि आफ्नो एकसय दिनको कार्य प्रगति विवरण सार्वजिनक गरेको छ ।

हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिका पछि कैलाश गाउँपालिकाले पनि आफूले एकसय दिनमा गरेको कार्य प्रगतिको विवरण सार्वजनिक गरेको हो ।

गएको बैशाख ३० गते भएको स्थानीय तह सदस्य निर्वाच अन्तर्गत निर्वाचित भएर पदभार ग्रहण गरेपछिको एकसय दिनमा भएको कामलाई गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले सार्वजनिक गरेका छन् । अध्यक्ष मुक्तानले एकसय दिनको अवधिमा पालिकाले ५ सय घरपरिवारको स्वास्थ्य विमा कार्यक्रम अगाडि बढाएको जानकारी दिए ।

गाउँपालिका भित्रको स्वास्थ्य संस्थामा सुत्केरी हुने सम्पूर्ण महिलाहरूलाई नेपाल सरकारले नियमानुसार दिने सुविधाको अतिरिक्त थप २ हजार रूपैंया पोषण भत्ता व्यवस्था गरिएको छ । हरेक वडाबाट २ जनाका दरले २० जना विद्यार्थीलाई कृषि/पशु जेटीए पढाउन सुरु गरिएको छ । यसैगरी जटिल खालका प्रसब व्यथा लागेका महिलाहरूलाई सम्बन्धित अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।

वडा नम्बर ९ र १० मा दुग्ध चिस्यान केन्द्र स्थापनाको लागि बजेट व्यवस्था गरिएकोछ । गाउँपालिका वडा कार्यालयहरु र सम्पूर्ण स्वास्थ्य चौकीहरुमा ईन्टरनेटको व्यवस्था गर्नको लागि नेपाल दुरसञ्चार संस्थानसँग 4G संचालनको लागि पहल भैरहेको, न्यून वेतनमा काम गरिरहेका कर्मचारीलाई न्यायोचित तलव सुविधाको व्यवस्था गरिएको साथै महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मासिक ३ सय रूपैंया थप व्यवस्था गरिएको छ ।



पूर्वाधारतर्फ गाउँपालिकादेखि किर्तिमान डाँडासम्मको १ किमि वाटोलाई चौडा गरि ग्राभेल गरिएको छ । २ सय २५ घरधुरीलाई खर मुक्त छाना अभियानको सुभारम्भ गरिएको छ । पालिकाको महत्वपूर्ण सडकहरूमा पक्की पुलको निर्माणको थालनि गरिएको छ ।

यसैगरी ४ वटा पक्की पुल निर्माण गर्नको लागि डीपिआर तयार गरी सम्बन्धित मन्त्रालयमा कुरा भैरहेको र ४ वटा झोलुङ्गे पुलको बजेट विनियोजन गरिएको छ । गाउँपालिका अध्यक्ष मुक्तानले यति छोटो समयमा पालिकाले प्राप्त गरेको सफलतामा खुसि व्यक्त गरे । निर्वाचित भएर आउँदा आर्थिक बर्ष सकिनै लागेको र नयाँ आर्थिक बर्ष पनि यहि अवधिमा सुरू भई नयाँ कार्यक्रमहरू सुरु गर्न खोजिरहेको अवस्थामा पालिका बाट भएका कामहरू हेर्दा आगामी दिनहरूमा अझ राम्रो गरि काम गर्न प्रेरणा मिलेको उनले बताए ।

यसैगरी पालिकाबाट सरूवा भएका प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईको विदाई गरिएको छ भने पालिकामा आउनुभएका नयाँ प्रशासकीय अधिकृत अशोक बिष्टलाई स्वागत गरिएको छ ।

चौलागाई १४ महिनादेखि कैलाश गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत थिए भने बिष्ट पञ्चकन्या गाउँपालिका नुवाकोटबाट सरुवाभई आएका हुन् । शुक्रबार पालिकामा आयोजित कार्यक्रममा अध्यक्ष लोक बहादुर मुक्तानले १०० दिनको अवधिमा भएका प्रगति सार्वजनिक गरेका हुन् । कार्यक्रममा उपाध्यक्ष बाल कुमार मल्ल ठकुरी, वडाध्यक्षहरू राजेन्द्र घिसिङ, भुवनसिं घलानलगायत कार्यपालिका सदस्यहरूको उपस्थिति थियो ।

# जनताको साथ नेपाली कांग्रेस अभियान समापन



साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ नेपाली कांग्रेस मकवानपुरले जनताको साथ नेपाली कांग्रेस अभियानको समापन गरेको छ ।

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा प्रदेशसभा चुनवा लक्षित गरेर नेपाली कांग्रेसले सुरु गरेको जनताको साथ नेपाली कांग्रेस अभियान मकवानपुरमा शुक्रबार एक कार्यक्रमकाबीच समापन गरिएको हो ।

शुक्रबार पार्टीका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री विपी कोइरालको जन्मजयन्तीको अवसर पोर अभियान समापन गरिएको छ । कार्यक्रमकै अवसरमा विपी कोइरालाकाले नेपालको राजनितिमा पुऱ्याएको योगदानको बारेमा चर्चा समेत गरिएको थियो ।

उक्त अवसरमा बोल्दै नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले आगामी निर्वाचनमा नेपाली कांग्रेसले जिते मात्रै जनताको जित हुने भएकाले जनताको घर दैलोमा पुगेर कांग्रेस जिताउन लाग्नु पर्ने बताए । उनले अभियान सम्पन्न भएपनि कांग्रेस नेता कार्यकर्ता सधैं नेपाली जनताको घर आगनमै हुनुपर्ने बताए । सभापती लामाले कांग्रेसले जिते मात्र जनताको जित र देशको विकास सम्भव हुनेपनि बताए ।

नेपाली कांग्रेस मकवानपुरका सचिव भिमसेन महतले सहजिकरण गरेको कार्यक्रममा उपसभापति आनन्द कठायत, निवर्तमान कार्यवाहाक सभापति बिष्णु लामिछाने, पार्टीका पूर्व प्रवक्ता प्रदिप कोइराला लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका पूर्व सभापति रामचन्द्र अर्याल माइकल, बागमती प्रदेश सदस्य चम्पुरत्न लामा, जिल्ला सचिव इश्वर पाठक, सहसचिव निशान बजगाईं, जिल्ला सदस्य एवं पार्टी प्रवक्ता अर्जुन चौँलागाईं, नेपाल महिला संघ मकवानपुरका अध्यक्ष लक्ष्मी श्रेष्ठ लगाएत नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# जनकल्याण बचतले मनायो २७ औ वार्षिकोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २४ भदौ/ हेटौडा-६, चौघडामा रहेको जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले २७ औ वार्षिकोत्सव मनाएको छ ।

शुक्रबार सहकारीले आफ्नो २७ औ वार्षिकोत्सवको अवसरमा अन्तरिक्रिया गरेको छ । कार्यक्रमका सहभागीहरुले अहिले विभिन्न सहकारीमा समस्या आएको बताउदै संस्थाको गरिमालाई बचाई राख्न सबै पक्ष चनाखो हुनु पर्नेमा जोड दिएका थिए ।

सहकारीले प्राप्त गरेका उपलब्धि, यसले गरेका विभिन्न कामहरुले सहकारीको लोकप्रियता बढ्दै गएको र भविष्यमा समेत सञ्चालक समिति र शेयर सदस्यहरु चनाखो हुनु पर्नेमा जोड दिएका थिए ।

सहकारीले शेयर सदस्यहरुको हितमा सदैव काम गर्नु पर्ने र विद्यमान सहकारीका ऐन नियमलाई पालना गर्नु पर्नेमा सहभागिहरुले सुझाव दिएका थिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष चेतनाथ खतिवडाले संस्थाको वित्तीय विवरण पेश गरेका थिए ।

२ हजार ५ सय ८८ जना शेयर सदस्य रहेको संस्थाको शेयर पूँजी २ करोड ५० लाख निक्षेप १८ करोड ५४ लाख र ऋण लगानी १९ करोड ८० लाख रहेको कामु. व्यवस्थापक झम्क प्रसाद गौतमले जानकारी दिए ।

हेटौडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष हिमाल पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष बासुदेव अधिकारी, निवर्तमान अध्यक्ष रघुप्रसाद आचार्य, कामधेनु बहुउद्धेश्यीय सहकारीका अध्यक्ष उदय विडारी, संस्थाका उपाध्यक्ष श्याम प्रसाद भट्टराई, सचिव रोम बहादुर न्यौपाने, संस्थाका पूर्व उपाध्यक्ष नारायणप्रसाद अधिकारी, खिलप्रसाद गौतम, न्यूरेनी चिसापानी सामुदायिक वनका उपाध्यक्ष रामचन्द्र अधिकारी, सञ्चालक समितिका पदाधिकारी, लेखा समिति, सल्लाहकार, शेयर सदस्य, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।


## सर्पको टोकाईबाट बचौं र बचाऔं

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं ।
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं ।
- घाईतेलाई सर्पले टोकेका ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई सवारी साधनमा बसाएर लैजाऔं ।
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं ।
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

3 YEARS
LAB TECHNICIAN
RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०७९ र ०८० को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI **विशेषताहरू**:
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने,
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था,
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने,
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने,
- उत्कृष्ट ल्याबको सुविधा

Lab Technician -30 Seats
Radiography -30 Seats

फारम शुल्क रू १५००/-

- फारम वितरण मिति २०७९/०५/२२ गते बुधबारदेखि,
- फारम बुझाउने अन्तिम मिति २०७९/०६/०५ गते बेलुका ४:३० बजेसम्म,

## मकवानपुर टेक्निकल इन्ष्टिच्युट

हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ५२०६८८ ९८४५०२९८१०

## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

## ॐ बृद्धाश्रमको साधारण सभा सम्बन्धि सूचना

हेटौंडा-२ मा रहेको ॐ बृद्धाश्रमको १६ औं साधारण यही मिति २०७९ भदौ २४ गते हुन गइरहेकोले सम्पूर्ण आजीवन सदस्य, साधारण सदस्य, चन्दादाता सुवेच्छुकहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**तपशिल:**
मिति: २०७९ भदौ २४ गते
समय: विहान ११:०० बजे
स्थान: ॐ बृद्धाश्रमको हल
सम्पर्क: ५२६५१५

सिद्धिलाल श्रेष्ठ (अध्यक्ष)
**ॐ बृद्धाश्रम,** हेटौंडा-२, मकवानपुर

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर:** बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना